# शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७९

नियमावली नं. - ४१

प्रमाणिकरण मितिः- २०७९/०९/१५

**प्रस्तावनाः** सामुदायिक विद्यालयको आधारभूत तह (बालविकास देखि कक्षा ८ सम्म) तहगत तथा विषयगत शिक्षकको उपलब्धतामा बृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने उद्देश्यले विद्यालय क्षेत्र विकास कार्यक्रमले लक्षित गरे अनुसार शिक्षण सिकाइ अनुदान वितरण तथा शिक्षक व्यवस्थापनलाई व्यवस्थित गर्न तथा स्थानीय शिक्षा ऐनको दफा ६२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गर्न वाञ्छनीय भएकोले गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुमति" भन्नाले शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ तथा स्थानीय शिक्षा ऐन, २०७५, स्थानीय शिक्षा नियमावली, २०७५ अनुसार तोकिएको निकायले दिएको स्वीकृति वा अनुमति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८, स्थानीय शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ तथा स्थानीय शिक्षा नियमावली, २०७५ सम्झनु पर्छ ।

(घ) "दरबन्दी" भन्नाले संघीय सरकारबाट विद्यालयलाई प्राप्त स्वीकृत शिक्षक दरबन्दी जनाउँछ र सो शब्दले राहत अनुदान कोटा समेतलाई जनाउँछ ।

(ङ) "गाउँ कार्यपालिका" भन्नाले लिखु गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय" भन्नाले लिखु गाउँ कार्यपालिका अन्तरगतको आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय सम्झनु पर्छ ।

(छ) "विद्यालय" भन्नाले आधारभूत तहको बालविकास देखि कक्षा आठ सम्म सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ज) "विद्यालय व्यवस्थापन समिति" स्थानीय शिक्षा नियमावली, २०७५ वमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्दछ ।

(झ) "शिक्षक" भन्नाले बालविकास देखि कक्षा आठसम्म अध्यापन गर्ने यसै कार्यविधि अनुसार नियुक्ति भएका शिक्षकलाई जनाउँछ सो शब्दले बालविकास सहजकर्तालाई पनि जनाउँछ ।

(ञ) "शिक्षण सिकाइ अनुदान" भन्नाले आधारभूत तहको शिक्षक अभावलाई कम गर्नका लागि प्रति शिक्षकका दरले दिइने अनुदान सम्झनु पर्छ ।

## परिच्छेद दुई

## विद्यालय छनौट तथा शिक्षण सिकाइ अनुदान वितरण

**३. विद्यालय छनौटका आधारहरु:** शिक्षण सिकाई अनुदान वितरणका लागि विद्यालय छनौटका आधार देहाय बमोजिम हुनेछन्:

(क) बालविकास देखि कक्षा आठसम्मको अनुमति लिई न्युनतम तीन शैक्षिक सत्र पूरा गरेको हुनुपर्नेछ।

(ख) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भएको हुनुपर्नेछ।

(ग) विद्यालयले नियमित रुपमा विद्यालय सुधार योजना तथा सामाजिक परीक्षण गरेको हुनुपर्नेछ।

(घ) विद्यालयले अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण गरेको हुनुपर्नेछ।

(ङ) विद्यालय तहगत शुन्य दरबन्दी वा एक दरबन्दी/राहत अनुदान मात्र भएको हुनुपर्ने र उक्त प्राप्त दरबन्दी वा राहत अनुदानमा अंग्रेजी, गणित तथा विज्ञान विषय मध्ये कुनै एक विषयको शिक्षक व्यवस्था भएको हुनुपर्ने। सशर्त शिक्षण सिकाइ अनुदानबाट अंग्रेजी, गणित तथा विज्ञान विषय मध्ये कुनै एक विषयको शिक्षक व्यवस्था भएको हुनुपर्नेछ।

(च) विद्यालयले नियमित रुपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनुपर्नेछ।

**४. विद्यालय छनौट प्रक्रिया:**(१) शिक्षण अनुदान प्राप्त भएपछि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमध्येबाट नियम ३ का आधारमा विद्यालयको सूची तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) अनुसारको सूची तयार गर्दा तहगत शुन्य दरबन्दी वा एक दरबन्दी/राहत अनुदान मात्र भएको विद्यालयहरुमध्ये अनुमति प्राप्त वर्षको आधारमा जेष्ठताक्रम छुट्टिने गरी प्राथमिकताक्रम तोकि तयार गर्नु पर्नेछ।

(३) प्राप्त शिक्षण अनुदानको सङ्ख्या अनुसार उपनियम (२) बमोजिम तयार भएको प्राथमिकता सूचीको आधारमा विद्यालय छनौट गर्नु पर्नेछ।

(४)उपनियम (३) बमोजिम विद्यालय छनौट गर्दा दुई वा सो भन्दा बढी विद्यालय एउटै मितिमा अनुमति लिएका रहेछन् भने कक्षा ६ देखि कक्षा ८ सम्मको जम्मा विद्यार्थी सङ्ख्या बढी भएको विद्यालयलाई छनौट गर्नु पर्नेछ।

**५. शिक्षण सिकाइ अनुदान उपलब्ध गराइने:** स्वीकृत वजेटको परिधिभित्र रही माग फारमको आधारमा सम्बन्धित विद्यालयको खातामा त्रैमासिक रुपमा शिक्षण सिकाइ अनुदान उपलब्ध गराईनेछ।

**६. शिक्षण सिकाइ अनुदान वितरण:** गाउँपालिकाले प्राप्त शिक्षण अनुदानको आधारमा आधारभूत तह (कक्षा बाल विकास) शुन्य दरवन्दी भएका विद्यालयलाई १ जना, आधारभूत तह (कक्षा ६ देखि कक्षा ८ सम्ममा) शुन्य तथा एक दरबन्दी भएको विद्यालयलाई १ जना शिक्षक बराबरको शिक्षण अनुदान उपलब्ध गराउनु पर्दछ।

## परिच्छेद तीन

## शिक्षक नियुक्ति, सेवा शर्त तथा पारीश्रमिक सम्बन्धी व्यवस्था

**७. शिक्षक भर्ना सम्बन्धी व्यवस्था:** विद्यालयले उपलब्ध शिक्षण सिकाइ अनुदानमा शिक्षक नियुक्ति गर्दा देहाय अनुसार गर्नु पर्नेछ:

(क)आधारभूत तह (कक्षा ६ देखि कक्षा ८ सम्म)को विषयगत शिक्षक दोहोरो नपर्ने गरी प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा गर्ने।

(ख)बालविकास सहजकर्ताको लागी प्रचलित ऐन, नियमावलीमा भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा गर्ने।

(ग) छनौट भएका शिक्षकलाई विद्यालयले करार सम्झौता गर्ने । करार सम्झौताको ढाँचा लिखु गाउँपालिका आधारभूत तथा माध्यमिक शिक्षा कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) विद्यालयमा आगामी वर्षहरुका लागि शिक्षण सिकाइ अनुदान कोटा प्राप्त हुने निश्चितता भएको अवस्थामा मात्र विद्यालय व्यवस्थापन समितिले यसै कार्यविधि अनुरुप शिक्षण सेवा करारमा लिइएको व्यक्तिको शिक्षण कार्य सम्पादन मूल्यांकनको आधारमा मौजुदा शिक्षकको प्राथमिकता क्रम निर्धारण गरी शिक्षण सेवा करार नविकरण गर्न सक्ने ।

**८. शिक्षकको सेवा शर्त सुविधाः** शिक्षण सिकाइ अनुदान कोटामा छनौट भएका शिक्षकले देहाय अनुसारको पारीश्रमिक पाउनेछन् :

(क)बालविकासको शिक्षण अनुदान कोटामा छनौट भएको शिक्षकले मासिक रु. १५,०००।०० (पन्ध्र हजार मात्र) का दरले बढीमा बाह्र महिनाको पारिश्रमिक सुविधा मात्र पाउने ।

(ख)आधारभूत तह (कक्षा ६ देखि कक्षा ८ सम्म) को अनुदान कोटामा छनौट भएको शिक्षकले मासिक १५,०००।०० (पन्ध्र हजार मात्र) का दरले बढीमा बाह्र महिनाको पारिश्रमिक सुविधा मात्र पाउने ।

(ग) कार्यविधि बमोजिमको करार सेवा दिने व्यक्तिले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक विदा बाहेक शिक्षा नियमावलीमा तोकिए अनुसारको भैपरी बिदा मात्र पाउने।

(घ) यस कार्यविधि अनुसार नियुक्ति भएको शिक्षकले सेवा करारमा उल्लेखित भन्दा थप सुविधा दाबि गर्न पाउने छैन ।

**९. करार सम्झौता रद्द हुनेः** (१) देहायको अवस्थामा विद्यालयले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार संझौता रद्द गर्न सक्नेछ :

(क) बिना सूचना लगातार ७ (सात) दिन भन्दा बढी विद्यालयमा अनुपस्थित भएमा,

(ख) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा,

(ग) शिक्षक आचार संहिताको पालना नगरेमा,

(घ) विद्यालयले तोकेको अन्य कार्यहरु सन्तोषजनक रुपमा नगरेमा,

(२) उपनियम (१) बमोजिम करार सम्झौता रद्ध गर्दा शिक्षकलाई प्रचलिन कानून अनुसार मनासिव माफिकको मौका नदिई सेवाबाट हटाउन पाइने छैन ।

## परिच्छेद-चार

## विभिन्न निकायहरुको भूमिका

**१०. गाउँ कार्यपालिकाको भूमिकाः** कार्यविधि कार्यान्वयनको सन्दर्भमा गाउँ कार्यपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :

(क) शिक्षण सिकाइ अनुदानको लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने,

(ख) शिक्षण सिकाइ अनुदान कार्यविधि समयानुकूल परिमार्जन र संशोधन गर्ने,

(ग) यस कार्यविधिमा उल्लेख नभएका अन्य बिषयहरुमा आवश्यकता अनुसार निर्णयहरु गर्ने,

**११. गाउँ शिक्षा समितिको भूमिकाः** शिक्षण सिकाइ अनुदान लागि विद्यालय छनौट तथा अनुदान वितरणमा गाउँ शिक्षा समितिको भूमिका देहाय बमोजिम हुनेछ :

(क) नियम ४ अनुसार विद्यालयहरुको प्राथमिकता क्रमको सूची तयार गर्ने,

(ख) तोकिएको आधार बमोजिम शिक्षण सिकाइ अनुदान प्राप्त गर्ने विद्यालयको छनौट गर्ने,

(ग) छनौट भएका शिक्षकको काम कार्वाहीको बारेमा समय समयमा अनुगमन गर्ने,

१२. **आधारभूत तथा माध्यमिक शिक्षा कार्यालयको भूमिका:** आधारभूत तथा माध्यमिक शिक्षा कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ :

(क) नियम ४ अनुसार विद्यालयहरुको प्राथमिकता क्रमको सूची तयार गर्न आवश्यक प्राविधिक सहजीकरण गर्ने,

(ख) तोकिएको आधार बमोजिम शिक्षण सिकाइ अनुदान प्राप्त गर्ने विद्यालयको छनौट गर्न सहजीकरण गर्ने,

(ग) छनौटमा परेका विद्यालयको शिक्षण अनुदान कोटा अनुसार माग फारमको आधारमा त्रैमासिक रूपमा सम्बन्धित विद्यालयको खातामा रकम निकासा गर्ने,

(घ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने, गराउने ।

१३. **विद्यालयको भूमिका**: शिक्षण सिकाई अनुदानको लागि छनौट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :

(क) प्रचलित कानून तथा शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम शिक्षक करारमा लिई करार सम्झौता तथा नियुक्तिको व्यवस्था मिलाउने,

(ख) शिक्षकको लागि थप आचारसंहिता आवश्यक पर्ने भए सोको तयारी गरी विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने तथा सोको जानकारी गाउँपालिका र आधारभूत तथा माध्यमिक शिक्षा कार्यालयलाई गराउने,

(ग) करार सम्झौतामा उल्लेख भए अनुसारको सुविधाहरु उपलब्ध गराउने,

(घ) यस कार्यविधि अनुसार कुनै एक पक्षले करार सम्झौता भंग गरेमा वा अन्य कुनै कारणले शिक्षण सेवा उपलब्ध नभएमा बाँकी अवधिको लागि प्रचलित कानून तथा शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम शिक्षकको व्यवस्था गर्ने,

(ङ) गाउँपालिका तथा आधारभूत तथा माध्यमिक शिक्षा कार्यालयले दिएको निर्देशानुसार काम गर्ने ।

१४. **विद्यालय व्यवस्थापन समितिको भूमिका**: शिक्षण सिकाइ अनुदान व्यवस्थापनका सन्दर्भमा विद्यालय व्यवस्थापन समितिको भूमिका देहाय बमोजिम हुनेछ :

(क) शिक्षकको लागि थप आचारसंहिता आवश्यक पर्ने भए सोको तयारी गरी अनुमोदन गर्ने,

(ख) छनौट भएका शिक्षकको काम कार्वाहीको बारेमा समय समयमा अनुगमन गर्ने,

(ग) विद्यालयलाई आवश्यक निर्देशन तथा सहजीकरण गर्ने ।

## परिच्छेद पाँच

## विविध

१५. **थप सुविधा उपलब्ध गराउन सक्ने :** यस कार्यविधि अनुसार भर्ना भएको शिक्षकलाई विद्यालयले आफ्नै स्रोतबाट थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

१६.**मान्य हुने :** शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७९ लागु हुनु भन्दा अगाडी सम्बन्धित विद्यालयले सशर्त अनुदानको शिक्षण सिकाई अनुदानबाट तलब भत्ता लिने गरी छनौट भएका शिक्षकहरु मध्ये बढीमा एक जनालाई गाउँपालिकाको अनुदानबाट तलब भत्ता दिनको लागी यसै कार्यविधिमा परे सरह मान्य हुनेछ ।

**१७. कार्यविधिको व्याख्या गर्न सक्ने :** कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ।

**१८. प्रचलित कानुन अनुसार हुने :** यस कार्यविधिमा लेखिएका विषयहरु यसै कार्यविधि अनुसार हुने तथा यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ।